मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ३१ गते शनिबार ❑ 14 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## लोकतन्त्रलाई बलियो बनाउन सुशासन र समृद्धि आवश्यक छ : उपाध्यक्ष श्रेष्ठ

पोखरापत्र संवाददाता
गोरखा, ३० जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ 'प्रकाश'ले लोकतन्त्रलाई बलियो बनाउन सुशासन र समृद्धि आवश्यक पर्ने बताउनुभएको छ । नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाः गोरखा जिल्ला समितिको तेस्रो जिल्ला सम्मेलन कार्यक्रमलाई आज सदरमुकाममा सम्बोधन गर्नुहुँदै उहाँले लोकतन्त्रको रक्षा गर्न सामाजिक, आर्थिक रुपान्तरण आवश्यक रहेको बताउनुभयो ।




"सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्राथमिकतामा राखेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनमा सबैले ध्यान दिनुपर्ने बेला आएको छ", उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "लामो समयदेखि राज्य र समाजमा भ्रष्टाचारले जरा गाडेर बसेका कारण विकासले गुणात्मक फड्को मार्न सकिरहेको छैन ।" उहाँले अहिलेको विकासको गतिले जनताको आवश्यकता पूरा गर्न नसक्ने बताउनुभयो । "आर्थिक रुपान्तरण र विकासको काम मात्रामात्रामा गरेर हुँदैन, उहाँले भन्नुभयो, "यति ठूलो युगान्तकारी परिवर्तन राजनीतिक क्षेत्रमा त भयो तर विकासका क्षेत्रमा भने जुनसुकै सरकार जुनसुकै राजनीतिक दल आए पनि अलिअलि हुने विकासले अब हुँदैन विकासमा गुणात्मक फड्को मार्नुपर्छ ।" लोकतन्त्रवादी शक्तिले यथास्थितीवाद र प्रतिगमनलाई सँगसँगै परास्त गरेर अघि बढ्नुपर्ने बेला आएको भन्दै उहाँले अनि मात्र सामाजिक, आर्थिक रुपान्तरणको ढोका खोल्न सकिने बताउनुभयो । उपाध्यक्ष श्रेष्ठले जनताको आशा र अपेक्षाको रूपमा हेर्दै आएको माओवादी केन्द्रले पनि आफूलाई रुपान्तरण गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो । सबै नेपालीको पहिचान र अधिकार स्थापित गरियो भनेमात्र नेपालीको राष्ट्रियता बलियो हुने उहाँको भनाइ छ । "हामीले आफ्नो पहिचानलाई गर्ववोधका साथ लिन र हाम्रो भाषा, संस्कृति एवं परम्पराको रक्षा गर्नलाई अगाडि बढ्न आवश्यक छ", उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "मनमा कसैले पनि हिनतावोध लिएर बस्नु हुँदैन ।"

नेपालको राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र राष्ट्रियहितको रक्षा गर्दै सबैले नेपाली हुनुमा गर्व गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उपाध्यक्ष श्रेष्ठले पछिल्लो समय पार्टीले सुदृढीकरण अभियान चलाउन सुरु गरेपछि माओवादी बलियो बन्दै दाबीसमेत गर्नुभयो ।

## पर्वतीय पर्यटनलाई सुरक्षित बनाउन सरोकारवालाको जोड

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पर्वतीय पदयात्रालाई सुरक्षित र व्यवस्थित बनाउन सरोकारवालाहरुले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) र पथप्रदर्शक (गाइड) बिना पदयात्रामा जान नपाउने व्यवस्था लागु गर्न माग गरेका छन् ।

गण्डकी प्रदेशमा कार्यरत तालिम प्राप्त पर्यटक पथ प्रदर्शक, ट्रेकिङ गाइड र ट्रेकिङ पोर्टर गाइडहरुसंग पेशागत अवस्थाका वारेको अन्तरक्रिया कार्यक्रममा सहभागिले यस्तो बताएका हुन् ।

नेपाल पर्यटन बोर्डद्वारा जारी पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) सम्बन्धी मापदण्ड, २०७९ लाई कार्यान्वयन गर्नुपर्ने बताए । अहिले गइडको लाइसेन्स नभएकाले पनि पथ प्रदर्शकको काम गरिरहेकाले यसलाई कडाई गरिनुपर्ने उनिहरुको भनाई थियो ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकीका सचिव इन्द्रप्रसाद बस्यालले लाइसेन्स प्राप्त गाइडहरुलाई प्राथमिकता दिनुपर्ने बताए । सरकारले लाइसेन्स दिएको छ तर काम गर्न लाइसेन्स नभएकाले गरिरहेको छ भने के मान्यता भयो, बस्यालले भने । टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले नेपाल आउने पर्यटक ट्रेकिङका लागि आउने भएकाले




पदमार्गको संरक्षण र विकास हुनुपर्ने बताए । पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) लागु गर्न टानले निरन्तर प्रायस गरिरहेको र अहिले प्रधानमन्त्री कार्यालयमा पुगेर छलफलमा रहेको आचार्यले जानकारी दिए । नेशनल पार्क र संरक्षित क्षेत्रमा गाइड अनिर्वाय गर्न आचार्यले सरकारको ध्यानाकर्षण गराए । पदयात्रामा जानका लागि अनिर्वाय गाइडको निर्णय भए पनि चेकपोस्ट स्थापना गर्न नसक्दा कार्यान्वय आउन नसकेको उनले गुनासो गरे । नेपाल पर्यटन बोर्डले टान र मजदुर संगठनहरुको पहलमा नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई 'टिम्स कार्ड' र पथप्रदर्शक (गाइड)बिना पदयात्रामा जान नपाउने नियम लागू गरेको थियो । पछिल्लो समय उक्त नियम कार्यान्वयनमा आएको छैन ।

कार्यक्रममा बोल्दै नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथुम)का विभागिय प्रमुख अजयकुमार ढकालले पर्यटन क्षेत्रलाई व्यवस्थित गर्न गुणस्तरीय तालिम आवश्यक पर्ने बताए । त्यसका लागि नाथुमले तालिमको आयोजना गरिरहेको जनानकारी दिए । जस अन्तरगत ट्रेकिङ गाइड र ट्रेकिङ पोर्टर गाइड अहिले पोखरामा नै संचालन गरिएको ढकालको भनाई थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायाण क्याम्पसका सहप्रध्यापक दिपक वास्तोला, पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाले गैह्कानुनी रुपमा काम गर्नेहरुले संरक्षण पाउदा लाइसेन्स प्राप्त गाइडहरुले रोजगार पाउन नसकेको बताए ।

कार्यक्रममा बोल्ने मजुदुर संग संगठनका नेताहरुले सामाजिक सुरक्षाका वारेमा चासो व्यक्त गरेका थिए । सिजनको बेलामा मात्र काम गरेर जिविको पार्जनमा समस्या हुने गरेको उनिहरुको गुनासो थियो । अखिल नेपाल मजदुर संगठनका अध्यक्ष विष्णु देवकोटाले पर्यटन श्रमिकहरु सामाजिक सुरक्षा कोषमा आवद्ध गराउ नाथुम, काठमाडौँको आयोजनामा टान गण्डकीको समन्वय र नेपाल पर्यटन बोर्ड, गण्डकी कार्यालयको सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो ।

## बागलुङको अस्तुमा जिप दुर्घटना हुँदा दुईको मृत्यु, १२ घाइते

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

ढोरपाटन नगरपालिका-५ अस्तुमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छभने १२ जना घाइते भएका छन् ।

बुर्तिवाङ बजारदेखि ढोरपाटन नगरपालिका-५ चौरतर्फ जाँदै गरेको लु प्र ०१००१ च १७७५ नम्बरको जिप शुक्रबार साँझ ५:४५ बजे दुर्घटना भएको हो । जिप दुर्घटनाका मृतक र घाइते सबैको पहिचान खुलेको छ । दुर्घटनामा परी ढोरपाटन नगरपालिका-२ की ७० वर्षीय नरबहादर कार्की र सोही ठाउँकी ७५ वर्षीया भीमकुमारी बुढाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी दुर्घटनामा घाइते हुनेहरुमा जिप चालक बागलुङ ढोरपाटन नगरपालिका-२ का २७ वर्षीय गोविन्द थापा, यात्रुहरु सोही ठाउँकी १८ वर्षीया लुम्बिनी महत, २३ वर्षीया इन्द्रा कुँवर, २९ वर्षीया निरमाया खत्री, ३८ वर्षीया देवी परियार, ५३ वर्षीया दुर्गी दर्जी, १२ वर्षीया अञ्जु परियार, ८ वर्षीय वियानो बुढा मगर, ५ वर्षीय विनय बुढा, ७५ वर्षीया मनकुमारी थापा, २१ वर्षीया टिकाकुमारी कुँवर, ढोरपाटन नगरपालिका-५ की ३५ वर्षीया डल्ली विक, ढोरपाटन-१ का ११ वर्षीय शिशिर कार्की र ढोरपाटन-५ की ३० वर्षीया टनमाया कुँवर गरी जम्मा १४ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो । दुर्घटनामा जिप चालक ढोरपाटन नगरपालिका-२ का २७ वर्षीय को गोविन्द थापा र यात्रु १८ वर्षीया लुम्बिनी महतको अवस्था गम्भीर रहेको प्रहरी निरीक्षक थापाले बताउनुभयो । घाइते सबैको बुर्तिबाङ प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । बुर्तिबाङ बजारदेखि ढोरपाटन नगरपालिका-५ चौरतर्फ जाँदै गरेको लु प्र ०१००१ च १७७५ नम्बरको जिप साँझ ५:४५ बजे दुर्घटना भएको हो ।

जिप सडकदेखि करिब ६० मिटर तल खसेको थियो । गाडीमा चालकसहित १६ जना सवार थिए ।

## आमा समुहका लागि माईन्यूट लेखन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

कुनै पनि संघसंस्थाको कार्यलाई प्रभावकारी वनाउन पदाधिकारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उक्त आवश्यकताको महसुस गरि शुभकामना आमा समुहले एक दिने माइन्यूट लेखन तालिम सम्पन्न गरेको छ ।

पोखरा महानगरपालिका वडा नं. १७ को आर्थिक सहयोगमा सञ्चालन गरिएको तालिममा आमा समुह र टोल विकास संस्थाका पदाधिकारीलाई वैठकका निर्णय लेख्ने तथा कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनु पर्ने विषयमा प्रशिक्षण दिइएको थियो । पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले तालिमको उद्घाटन गर्दै तालीमबाट प्राप्त ज्ञान र सिपलाई व्यवहारमा उतार्न सहभागिलाई आग्रह गर्नुभयो ।

सिमीत श्रोत साधनको बाबजुद पनि वडाकोतर्फबाट सवै क्षेत्रको समुचित विकासमा सक्दो सहयोग गर्दै आएको उहाँको भनाई थियो ।




कार्यक्रममा सञ्चारकर्मी हरि बास्तोलाले आमाहरु नेतृत्व विकाससंगै उत्पादनसंग जोडिनु पर्ने आवश्यकता औल्याउँदै बजारको आवश्यकता अनुसारको वस्तु उत्पादन गरेर आयआर्जन गर्नेतर्फ लाग्नु पर्नेमा जोड दिनुभयो । समाजसेवी टिकाराम पौडेलले सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने आमाहरुलाई सक्षम बनाउन तालिमले महत्वपूर्ण भूमिका खेल्लेन विश्वास व्यक्त गर्नुभयो ।

विभिन्न आमा समुह र टोल विकास संस्थाका ४० जनाको सहभागिता रहेको उक्त तालिममा सुष्मा पौडेलले प्रशिक्षण दिनुभएको थियो ।


आमा समुहका अध्यक्ष पार्वती खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नारिशक्ति जागरण आमा समुहका अध्यक्ष राधादेवी लम्साल, समुहका उपाध्यक्ष मिना द्धारे र सचिव सिर्जना खनाले समुहको महत्व र खेल्दै आएको भुमिकाका वारेमा प्रकाश पार्नुभएको थियो ।

## बन्दीपुरमा चितुवा समात्न प्राविधिक परिचालन

पोखरापत्र संवाददाता
तनहुँ, ३० जेठ

बन्दीपुर गाउँपालिकामा पछिल्ला दुई महिनामा चितुवाको आक्रमणबाट दुई जना बालबालिकाले ज्यान गुमाएपछि चितुवा समात्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले 'डार्टिङ' टोली परिचालन गरेको जिल्ला डिभिजन वन कार्यालयले जनाएको छ । बन्दीपुर गाउँपालिका-२ कुवादी र आसपासका क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयवासीको सहभागितामा टोली परिचालन भएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख शरद् अधिकारीले जानकारीका अनुसार टोलीले चितुवालाई नियन्त्रणमा लिएर स्थानान्तरण गर्नेछ । तनहुँका भानु, बन्दीपुर, आँबुखैरेनी चितुवा आतङ्कबाट पीडित छ । यो जिल्लामा आठ वर्षमा १६ बालबालिका चितुवाको शिकार बनेका छन् । गत सोमबार साँझ घरको आँगनमा खेलिरहेका बन्दीपुर गाउँपालिका-२ कुवादीका छ वर्षीय उत्सव गुरुङलाई चितुवाले खाएको थियो ।



# इञ्जिनियर मल्लको लोभलाग्दो मौरीपालन व्यवसाय

पोखरापत्र संवाददाता
वालिङ, ३० जेठ

यहाँको वालिङ नगरपालिका-५ थुम्कीका दीपेन्द्र मल्लले व्यावसायिक रूपमा मौरीपालन गर्दै आउनुभएको छ।

पेसाले सिभिल इञ्जिनियर मल्लले डेढ वर्षअघि 'बी इम्पायर' नामक फर्म दर्ता गरी व्यावसायिक मौरीपालन सुरु गर्नुभएको हो । इञ्जिनियरिङ पेसासँगसँगै उद्यमशिलताको अभ्यासस्वरुप स्थानीय सेरेना जातको मौरीपालन थालेको उहाँले बताउनुभयो । "वालिङ नगरपालिकामा काम गर्दादेखि मौरीपालनसम्बन्धी आधारभूत ज्ञान पाएको थिएँ", मल्लले भन्नुभयो, "पछि मौरीपालन गर्दै जाँदा अभ्यासबाट थप ज्ञान प्राप्त भयो, यद्यपि सिक्नेक्रम अझै बाँकी छ ।" फर्म दर्तापूर्व नै २० घार मौरीपालन गर्दै आउनुभएका मल्लले दर्तापछि



भने घारको सङ्ख्या वृद्धि गरी ८० पुऱ्याउनुभयो ।

फर्ममा हाल २०० बढी घार रहेका छन् । जङ्गलको बीच भागमा रहेको फर्ममा चरनका लागि प्रशस्त ठाउँ भएकाले घार सङ्ख्या थप गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । जङ्गलको मह प्रतिकेजी रु एक हजार ५०० र तोरीको मह प्रतिकेजी रु एक हजारका दरले बिक्री हुने गरेको मल्लले बताउनुभयो ।

"चालु आर्थिक वर्षमामात्रै फर्मबाट एक हजार केजी मह बिक्री गरेको छु । त्यसबाट रु १३ लाख आम्दानी भयो । यसबाहेक प्रतिफ्रेम मौरीको रु ८०० का दरले र टुनीको घारसहित रु नौ हजारका दरले बिक्री गर्ने गरेका छौं । चालु आवमा ३०० फ्रेम मौरी बिक्रीबाट रु दुई लाख ४० हजार आम्दानी भएको छ", उहाँले सुनाउनुभयो ।

फर्मले स्थानीय फर्निचरसित टुनीको घारको सम्झौता गरी घार खरिद गर्ने गरेको छ । इञ्जिनियर मल्लसँगै हाल अन्य दुई जनाले पनि उहाँलाई साथ दिनुभएको छ । स्थापनाकालदेखि हालसम्म रु २५ लाख लगानी भएको उहाँले बताउनुभयो ।

"यस ठाउँमा चरन प्रशस्त छ, मह तथा मौरीजन्य सम्पूर्ण वस्तुहरू सजिलै बिक्री हुन्छ", उहाँले भन्नुभयो, "उद्यमशिलताको अभ्यासका लागि र आर्थिक आम्दानीको माध्यमका रूपमा मौरीपालनलाई व्यावसायिक रूपमा अगाडि बढाएको हुँ ।"

# संविधानसभा सदस्य जुहारचनको निधन

पोखरापत्र संवाददाता
मुस्ताङ, ३० जेठ

मुस्ताङको घरपझोङ गाउँपालिका-२ का स्थानीय समाजसेवी एवं सविधानसभा सदस्य वीरेन्द्र जुहारचनको निधन भएको छ।

संविधानसभा सदस्य जुहारचनको शुक्रबार बिहान आफ्नै निवासमा निधन भएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का जिल्ला समन्वय समिति संयोजक धीरेन्द्र विकले जानकारी दिनुभयो।

माओवादी केन्द्रको जनतासँग माओवादी जनजागरण अभियानका क्रममा अघिल्लो दिन मुस्ताङको मार्फामा माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को स्वागत तथा पार्टीको कार्यक्रममा सहभागी हुनुभएको थियो । विसं २०३० देखि राजनीतिमा सक्रिय रहेका उहाँ तत्कालीन पुष्पलाल समूहको सदस्य हुँदै अविछिन्न कम्युनिष्ट आन्दोलनमा होमिएका थिए । जुहारचन २०६४ सालमा माओवादी केन्द्रको कोटाबाट समानुपातिक सांसदमा निर्वाचित हुनुभएको थियो । यसै क्रममा नेकपा (माओवादी केन्द्र)को केन्द्रीय पार्टी कार्यालयले आजै शोक वक्तव्य प्रकाशित गरी संविधानसभा सदस्य जुहारचनको निधनप्रति शोक व्यक्त गरेको छ । पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालद्वारा हस्ताक्षरित शोक वक्तव्यमा स्वर्गीय जुहारचनको निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै समवेदना प्रकट गरेको छ । यसैगरी संविधानसभा सदस्य जुहारचनको निधनप्रति नेकपा (माओवादी केन्द) मुस्ताङले पनि शोक वक्तव्य प्रकाशित गरी श्रद्धाञ्जली अर्पण गरेको पार्टीका जिल्ला समन्वय समिति संयोजक विकले जानकारी दिनुभयो ।

# बुटबल र पोखराका व्यवसायीविच आपसी सहकार्यमा जोड

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

जाउँ है पोखरा अभियान अन्तर्गत शुक्रबार रुपन्देहीको बुटवलमा आयोजित कार्यक्रममा दुई क्षेत्रका ब्यबसायी साझा मुद्दामा एक भएर अगाडि बढ्नुपर्ने विषयमा जोड दिइएको छ ।



पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उचित संचालनका लागि सरकारलाई संयुक्त दवाव दिनुपर्ने विषयमा जोड दिइयो । पोखरा र बुटबलका ब्यबसायी पर्यटनका विषयमा सहकार्य गरेर अगाडि बढ्नु पर्ने विषयमा पनि कार्यक्रममा जोड दिईएको थियो । होटल संघ पोखरा नेपालले पश्चिम नेपालका मुख्य शहरहरुलाई लक्षित गर्दै संचालन गरेको जाउँ है पोखरा अभियान अन्तर्गत शुक्रबार बुटबलमा आयोजित कार्यक्रममा ब्यबसायी र संचारकर्मीले विचार, जिज्ञासा र सुझाव राखेका थिए । रुपन्देहीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले पर्यटकलाई लक्षित गरी लेकसाइडलाई २४ घण्टा खुलाउने पहल आफू कास्की हुँदा भएको समरण गराए । लुम्बिनीको आध्यात्मिक पर्यटनलाई पोखराको नेचर, कल्चर र एड्भेन्चरसँग जोड्नुपर्ने सुझाव उनले दिए । आन्तरिक पर्यटन प्रबर्द्धनको मुख्य लक्ष्य अभियानले लिएको संयोजक एबं आयोजक संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए । दुई दशक अघि देशमा १० वर्षे द्वन्द्व चल्दै गर्दा सुरु गरिएको यो अभियान गत चैतमा पूर्बी नेपालमा सम्पन्न भएको थियो । विदेशी मात्र नभई स्वदेशी पनि पर्यटक हुन स्क्छन् भन्ने मान्यतालाई अनुशरण गर्दै पर्यटनका माध्यमबाट सातै प्रदेश जोड्ने उद्देश्यले अभियान संचालन गरिएको अध्यक्ष सुबेदीले बताए । हानका केन्द्रीय सदस्य एबं होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद् अध्यक्ष भरतराज पराजुलीले पर्यटनका लागि पहुँच अर्थात् एक्सेसिबिलिटी महत्वपूर्ण हुने भनाई राखे । पोखरा विमानस्थलको उचित संचालनमा सरकार गंभीर हुनुपर्ने भनाई उनले राखे । उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश र नेपाल पर्यटन बोर्ड गण्डकीको प्रबर्द्धनमा यो अभियान संचालन भएको हो । पश्चिम नेपालबाट पर्यटकलाई पोखरा भ्रमण गर्न निमन्त्रणा गर्ने र पोखराबाट समेत पर्यटकलाई पश्चिम ल्याउने अभियानको अर्को उद्देश्य हो । साथै पोखरा महानगरपालिकाले घोषणा गरेको पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउन समेत अभियान सार्थक हुने संघले विश्वास गरेको छ । बिहीबार सुरु भई असार दुई गते सकिने यस पटकको जाउँ है पोखरा अभियान नेपालगन्ज, सुर्खेत र दाङको घोराहीमा पनि संचालन हुने छ । बुटवलमा आयोजित कार्यक्रममा हानका केन्द्रिय सदस्यद्वय सीपी श्रेष्ठ र गोपाल राना, होटल ब्यबसायी महासंघका महेन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ रुपन्देहीका सभापति दिनेश पाण्डे लगायतले भनाई राखेका थिए ।

यसअघि पाल्पाको श्रीनगरमा बिहीबार आयोजित कार्यक्रममा अभियानको टोलीलाई स्वागत गर्दै पाल्पाले पोखराबाट धेरै सिक्न बाँकी रहेको स्थानीय ब्यबसायीले बताएका थिए । पाल्पा होटल संघ नेपाल र पाल्पा नगरपालिका टुरिजम एक्सन कमिटि (ट्याक्ट) ले यो कार्यक्रम आयोजना गरेका थिए । पाल्पा हानका अध्यक्ष जयन्त भुसालले पोखरा र पाल्पाले पर्यटन प्रबर्द्धनका गतिविधिमा सहकार्य गरेर अगाडि बढ्नुपर्ने भनाई राखे । होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदीले आन्तरिक र भारतीय पर्यटकले पोखराको पर्यटन धानिन सकेको भन्दै पाल्पालाई पर्यटनमा अगाडि बढ्न पोखराको साथ रहने विश्वास दिलाए । कार्यक्रममा ट्याक्टका संयोजक एबं तानसेन ६ का वडा अध्यक्ष सागरमान महर्जन र पाल्पा होटल संघका उपाध्यक्ष लक्ष्मण बस्यालले पनि भनाई राखेका थिए ।

# तेस्रो गण्डकी प्रदेशस्तरीय पुरुष टि२० आई क्रिकेट प्रतियोगिता तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

गण्डकी प्रदेशको क्रिकेट विकासमा समर्पित प्रादेशिक क्रिकेट संघ गण्डकीले आगामी जेठ ३१ गतेदेखि असार ६ गतेसम्म 'तेस्रो गण्डकी प्रदेशस्तरीय पुरुष टि२० आई प्रतियोगिता-२०८२' आयोजना गर्ने भएको छ ।

आयोजकले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी गराएको हो । क्रिकेटको बढ्दो लोकप्रियता र खेलकुदको भविष्यलाई मध्यनजर गर्दै आयोजना गरिँदै आएको प्रतियोगितामा यस वर्ष गण्डकी प्रदेशका आठ जिल्लाको सहभागिता रहनेछ ।

पोखरा रंगशालास्थित क्रिकेट खेल मैदानमा आयोजना हुने प्रतियोगिता दुई समूहमा विभाजनमा गरि सञ्चालन हुनेछ । समूह 'ए' मा स्याङ्जा, बाग्लुङ, तनहुँ र म्याग्दी रहँदा समूह 'बी' मा कास्की, नवलपुर, पर्वत र गोरखा रहेका छन् । प्रत्येक दिन




दुई खेल हुने गरी तालिका तय गरिएको छ । संघका अध्यक्ष सञ्जयकान्त सिग्देलका अनुसार प्रतियोगिता युवा खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान दिने अपेक्षा गरेका छन् । पत्रकारहरुको जिज्ञासाका बारेमा जानकारी दिंदै अध्यक्ष सिग्देलले कठिन समय र परिस्थितीका बाबजुद प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धनमा प्रतियोगिता आयोजना गरिएको बताए । उनले भने-"हामी संग स्रोत र साधनको अभाव छ । तर पनि हामी जुन सुकै कठिन परिस्थितीका बाबजुद यो प्रतियोगिता सञ्चालन गर्दैछौं ।

क्रिकेटको बढ्दो लोकप्रियता संगै विभिन्न जिल्लामा छरिएर रहेका यूवा पुस्तालाई एक्सपोजर दिन पनि यो प्रतियोगिताको भूमिका महत्वपूर्ण रहनेछ ।" प्रतियोगिताको विजेता टिमले नगद रु १ लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु ४ हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु २ हजारसहित ट्रफी प्रदान गरिनेछ । हरेक खेलको 'प्लेयर अफ द म्याच' ले रु १ हजार नगद र ट्रफी प्राप्त गर्नेछन् ।

प्रतियोगितालाई सफल रूपमा सम्पन्न गर्न पूर्व क्यान केन्द्रीय सदस्य ऋषीराम गौतमलाई संयोजक तोकिएको छ । गण्डकी क्रिकेट संघका सदस्य समेत रहेका गौतमले क्रिकेटको विकासका लागि प्रदेश सरकारले प्रतियोगिता र पूर्वाद्धार विकासका लागि रकम विनियोजन गर्न आग्रह गरे । उनले भने-"हाम्रो मात्र प्रयासले क्रिकेटको विकास सम्भव छैन । यसमा प्रदेश सरकारको समेत उत्तिकै दायित्व रहन्छ । हरेक वर्ष वजेट विनियोजन भएमा खेलाडी उत्पादन सहज रुपमा अघि बढ्छ ।" संघले सञ्चारकर्मीहरूलाईप्रतियोगितालाई आफ्नो माध्यमबाट प्रचारप्रसार गरी खेलाडी र आयोजकको हौसला बढाइदिन समेत अनुरोध गरेको छ । प्रतियोगिता पोखरा रंगशालाको एक मात्र क्रिकेट मैदानमा हुनेछ, जुन आगामी यू-१९ महिला टि२० आई विश्वकप २०२७ को सम्भावित स्थल समेत हो ।

# प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

दुई विभागिय टोली नेपाल पुलिस क्लब र शसस्त्र प्रहरी वलको एपिएफ क्लब पोखरामा जारी प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता २०८२ फाइनलमा प्रबेश गरेका छन् ।

शुक्रबार पोखरा रंगशालाको कभर्डहलमा सम्पन्न भएको सेमिफाइनल खेलमा जित हासिल गर्दै दुबै टोलीले उपाधिको लागि शनिबार फाइनल खेलमा प्रतिष्पर्धा गर्ने भएका हुन् ।

पहिलो सेमिफाइनल खेलमा पुलिसले एभरेष्ट क्लव माथि सोझो तीन सेटमा सहज जित दर्ता गऱ्यो । पुलिसले एभरेष्ट माथि २५-१६, २५-१३ र २५-११ को सोझो सेटमा पराजित गरेको हो । यस अघि पोखरामा केही साता अघि सम्पन्न भएको नवौं प्रधानमन्त्री कप एनभिए भलिवल प्रतियोगितामा उपाधि जितेको पुलिसले पुनः दोश्रो उपाधि रक्षा गर्ने दाउमा रहेको छ । दोश्रो सेमिफाइनल खेलमा एपिएफले न्यू डायमण्डलाई २५-१७, २६-२४ र २५-१९ को सेटमा पराजित गर्दै फाइनलमा यात्रा तय गरेको हो । शनिबार दुबै टोलीले उपाधिको लागि फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएका छन भने तेश्रो स्थानको लागि शनिबार ३:०० बजे एभेरेष्ट बिरुद्ध न्यु डायमण्ड बिच खेल हुने भएको नेशनल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दिपक कोइरालाले बताउनु भयो ।

पाल्पाको स्टेप रामपुर र घरेलु टिम गण्डकी भलिवल संघले लिग चरणबाट बाहिरिएका थिए । प्रतियोगितामा विजेता टिमले ६ लाख रुपैयाँ, उपविजेताले ३ लाख, तेश्रो हुने टिमले १ लाख रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएका छन् । साथै उत्कृष्ट खेलाडीलाई ३० हजार र अन्य विधामा उत्कृष्ट प्रशिक्षक, सटर, ब्लकर, लिब्रो, सर्वर र स्पाइकर लगायत विभिन्न विधामा उत्कृष्ट हुनेलाई जनही २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ।

नेपालको राष्ट्रिय खेल भलिबलको प्रवर्द्धन तथा विकासका लागि पोखरामा उक्त प्रतियोगिता यही जेठ २७ गतेदेखि सुरु भएको अध्यक्ष कोइरालाले जनाउनु भयो । राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघको स्वीकृतमा वार्षिक कार्यक्रम अन्तर्गत प्रतियोगिता पोखरामा भएको हो । प्रतियोगितामा ६ टिम सहभागित भएका थिए ।

**चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।**

**घरबाहिर हुँदा**
◆आकाशमा विजुली चम्किदा, गड्याङगुडुङ हुँदा घरभित्र जाऔं,
◆ नजिकै घर नभए ओतमा बसौं.
◆ रुख वा विजुलीको पोलमुनि नवसौ,
◆ छाता नओढौं,
◆ खेतबारीमा काम नगरौं,
◆ कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक बसौं
◆भुईमा लम्पसार परेर नसुतौं।
**घरभित्र हुँदा**
◆टिभी र कम्प्युटरजस्ता विजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
◆त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
◆ तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
◆ नुहाउने, लुगाधुने वा भाँडा माझ्ने काम नगरौ.
◆इयाल, भर्याङ, बरन्डालगायतका ग्रिल र वार नछोऔं
◆भित्ता वा झ्यालमा अडेस लागेर नबसौं

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्रकृति र संस्कृतिमार्फत पर्यटक लोभ्याउँदै सिउरुङ

**वासुदेव पौडेल**
गण्डकी, ३० जेठ/रासस



लहरै गुचमुच्च घरहरू, ढुङ्गैढुङ्गले छपक्क छापिएका बाटाहरू, गाउँको सिरानमा गुम्बा, बीच भागमा जलदेवीको मन्दिर आदि । लम्जुङको मर्स्याङ्दी गाउँपालिका-३ स्थित सिउरुङ गाउँको विशिष्टता हो यो ।

गुरुङ जाति बाहुल्य यो गाउँ प्राकृतिक रूपमा जति सुन्दर छ सांस्कृतिक रूपमा पनि उत्तिकै आकर्षक रहेको छ । समुन्द्री सतहबाट एक हजार ८५४ मिटर उचाइमा रहेको यो गाउँ यतिखेर प्रकृति र संस्कृतिका माध्यमबाट पर्यटक लोभ्याउँदै आएको छ ।

कृष्णचरित्र, घाटु, लामा, भौँकी, घ्याप्रिङ, झ्याउरे र रोधीलगायत नाचले यहाँको सांस्कृतिक महत्वलाई उजागर गरिरहेका छन् । गुरुङ जातिका पुराना संस्कृति तथा संस्कार जोगाइराख्न र पुरानो पुस्ताबाट नयाँ पुस्तामा संस्कृतिको पुस्तान्तरणका लागि निरन्तर पहल भइरहेको सिउरुङ पर्यटन व्यवस्थापन उपसमितिका सचिव एवम् सिउरुङ घरबास (होमस्टे) का सचिव उमरबहादुर गुरुङले जानकारी दिनुभयो । यहाँबाट देखिने हिमालचुली, मनास्लु, डा हर्क पिक, माछापुच्छ्रे, बौद्ध, लमजुङ, अन्नपूर्णलगायत हिमाल आँखै अगाडि देखिनुले पनि यहाँको महत्व अझै बढाएको छ ।

उहाँका अनुसार सिउरुङलाई २०६२ सालबाट पर्यटकीय गाउँ बनाउने लक्ष्यका साथ स्थानीयवासी सक्रिय बनेका छन् । गाउँमा कुल ११५ घरधुरी रहेकामा १८ वटा घरमा घरबास सञ्चालन गरिएको छ । सिउरुङमा स्थानीयवासीकै सक्रियतामा विभिन्न कार्यक्रम गर्नका लागि सामुदायिक भवन निर्माण गरिएको छ । घले लामिछाने भाइखलकबाट रु ६५ लाखको लागतमा भवन निर्माण गरिएको र अन्य पूर्वाधार निर्माणका कामहरू भइरहेका सचिव गुरुङले जानकारी दिनुभयो । स्थानीयवासीले यहाँ आउने पर्यटकलाई सामुदायिक भवनमा राखेर स्वागत सत्कार गर्नाका साथै सोरेठी, घाटु, कृष्णचरित्र, लोकदोहोरी, रोधिलगायतका परम्परागत नृत्यहरू प्रस्तुत गर्ने गरेको स्थानीयवासी एवम् अर्का होमस्टे सञ्चालक सन्तकाशी गुरुङले जानकारी दिनुभयो । यहाँस्थित होमस्टेमा पाहुनालाई जङ्गली च्याउ, रातो भट्ट, लेकाली गुन्द्रुक, रातो चामलको भात, कोदो तथा मकैका परिकार, स्थानीय आलु, घरमौरी, भिरमौरी, टिम्मुरको अचार, सिल्टिमुरको चिया आदिको स्वाद लिने व्यवस्था मिलाइएको छ । स्थानीयवासीले गाउँमै उत्पादन गरेका खाद्यान्नबाट पर्यटकलाई स्वागत गर्ने गरेका छन् । होमस्टे सञ्चालन भएयता दैनिक १०/१५ जनासम्म विदेशी पर्यटक आइरहने बताउँदै सचिव गुरुङले विदेशी पर्यटकका साथै स्वदेशी पर्यटकको आगमन बढ्दै गएको बताउनुभयो । "होमस्टे सञ्चालनकालागिगाउँपालिकासँगै तारा गाउँ रिसोर्ट विकास समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लगायत संस्थाबाट स्थानीयलाई तालिम प्रदान गरिएको छ । यस्तै, गाउँमा सङ्ग्रहालय भवन निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट रु २० लाख सहयोगका साथै होमस्टेमा सामग्री व्यवस्थापनका लागि विभिन्न समान खरिदका लागि रु पाँच लाख सहयोग प्राप्त भएको छ", उहाँले भन्नुभयो ।

होमस्टे सञ्चालक तथा कार्यपालिका सदस्य पारकाशी गुरुङले सिउरुङ धेरै पर्यटकीय सम्भावना बोकेको ठाउँ भएको बताउँदै यसको उजागर हुनु जरुरी छ भन्नुभयो । यहाँको पर्यटकीय महत्वलाई उजागर गर्न स्थानीयवासी जागरुक भएका र अब राज्यका सबै निकायको साथ र सहयोग आवश्यक भएको उहाँले उल्लेख गर्नुभयो ।

लम्जुङ सदरमुकाम बेँसीसहरबाट खुदी, तराप्, ढगौं हुँदै सिउरुङ पुग्न करिब २२ किलोमिटर दूरी पार गर्नुपर्छ । यहाँ पुग्न बाटोको भने समस्या छ । बाटोका साथै ठाउँठाउँमा साइनेज पोष्ट, स्थानीय पथप्रदर्शक आदि आवश्यक रहेको उहाँले बताउनुभयो । गाउँ हुँदै धार्मिक महत्वको दूधपोखरी गइने भएकाले उक्त स्थानसँग गाउँको पर्यटनलाई जोड्नका लागि तीन चरणसम्म दूधपोखरी महोत्सव गरिसकिएको छ । दूधपोखरी जाने मार्गको थुर्जु फाँटमा गरिएको उक्त महोत्सव पछिल्लो समयमा भने निरन्तरता दिन नसकिएको उहाँले जानकारी दिनुभयो ।

सिउरुङबाट थुर्जु-दूधपोखरी हुँदै कास्की जिल्लाको पर्यटकीय गाउँ सिक्लेस-ताङतिङ जाने पदमार्ग रहेको छ । यस्तै, यहाँबाट कालाघिरिङ हुँदै अन्नपूर्ण पदयात्रा मार्गको च्याम्चे र नामुनभञ्ज्याङ हुँदै मनाङ पुग्ने दुईवटा पदमार्ग छन् ।

सिउरुङ गाउँलाई दूधपोखरी, गुरुङ देउराली हुँदै मनाङको तिमाङलगायत स्थान जोड्ने गुरुङ सम्पदा पदमार्गसँग जोड्ने गरी नक्साङ्कनसँगै प्रवर्द्धनात्मक कार्यक्रमसमेत अघि बढाइएका गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवम् गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजङ्ग गुरुङले बताउनुभयो । सङ्घले हाले पोखराबाट लम्जुङको सिङ्दी, पसगाउँ, घनपोखराबाट दूधपोखरी हुँदै सिउरुङलगायतका स्थानको अन्वेषणात्मक पदयात्रा सम्पन्न गरेको उहाँले जानकारी दिनुभयो । प्राचीन भेडीगोठ, नुनबोक्ने मार्ग आदिलाई पदयात्रा पर्यटनसँग जोड्दै पदमार्गमा पर्ने पर्यटकीय गुरुङ गाउँहरूलाई गुरुङ सम्पदा पदमार्गमा समेटिएको उहाँले बताउनुभयो ।

पदयात्रा पर्यटनलाई स्थानीय उत्पादनसँग जोड्दै आर्थिक समृद्धि हासिल गर्नुपर्ने उहाँको भनाइ छ ।

# विद्यालयमा पुग्यो गरिमा बैंक

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३० जेठ



सामाजिक उत्तरदायीत्वलाई पच्छ्याउदै आएको गरिमा विकास बैंक सहयोगी बनेर विद्यालयमा पुगेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाग्रीहरु बोकेर स्याङ्जाका विभिन्न शैक्षिक क्षेत्रमा पुगेको हो । यो आर्थिक वर्षमा बैंकले भूमिका निर्वाह गर्नुपर्ने दायित्वलाई अगालेर जिल्लाका शैक्षिक क्षेत्रमा पुगेर सहयोगी बनेको जनाएको छ । स्याङ्जाको वालिङ ६ फुलवारीमा रहेको गणेश आधार भुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालय पोशाक र शैक्षिक सामाग्री वितरण गरेको छ । वालिङ मिर्दीमा रहेको गरिमाको शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यार्थीलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरेको क्षेत्रिय प्रमुख लेखनाथ भट्टराईले बताए । कक्षा ५ सम्म अध्ययनरत २५ जना विद्यार्थीलाई बैंकले ट्याकसुट तथा कापी कलम उपलब्ध गराएको छ । त्यसैगरी बैंकको वालिङ शाखाले वालिङ ११ गल्देमा रहेको बालशिक्षा निकेतन आधारभुत विद्यालयमा विद्यार्थीलाई पोशाक वितरण, वालिङ युनाइटेड क्लवलाई आर्थिक सहयोग र वालिङ १० भकुण्डे स्थित सिद्धार्थ राजमार्गमा जेष्ठ नागरिक प्रतिक्षालय निर्माण गरी सहयोग गरेको जनाएको छ । बैंकको गल्याङ शाखाले गल्याङ नगरपालिका १ स्थित राम्दी गुरुकुल आश्रम विद्यालयमा स्टिल दराज, ज्ञानेश्वर आधारभुत विद्यालय, चण्डीका आधारभुत विद्यालयमा विद्यार्थीलाई पोशाक र बमभञ्ज्याङ आधारभुत विद्यालयलमा ल्यापटप, महेन्द्र आधारभुत विद्यालयमा खानेपानीको फिल्टर सहयोग गरेको क्षेत्रीय प्रवन्धक भट्टराईले बताए । चापाकोट शाखाले चापाकोट क्याम्पसमा सरस्वती मन्दिर निर्माण, मिर्दी शाखाले राष्ट्रिय माविमा खानेपानीको फिल्टर र स्याङ्जा शाखाले पाणीनी आश्रममा टिभी वितरण गरेर सहयोगी भुमिका खेलेको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स-साना बालबालिकालाई पोशाक, खानेपानीका फिल्टर सहित विद्युतीय उपकरणहरु वितरण गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत माधव आचार्यले जानकारी दिए । स्याङ्जामा मात्रै नभएर देशभर गरिमा बैंक पुगेका स्थानहरुमा सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सहयोग गर्दै आएको सिइओ आचार्यको भनाई छ । आगामी दिनमा पनि बैंकले आवश्यकता हेरी थप सहयोगका कार्यक्रमहरुलाई निरन्तरता दिदै जाने उनले बताए । विद्यालयको शैक्षिक गुणस्तर वृद्धिकालागि बैंकले गरेको सहयोगले थप मदत पुग्ने वालिङ ६ का वडा सदस्य नन्दु अर्यालले बताए । विद्यालयको समग्र विकासका लागि सरोकारवालाहरु एकमत भए अगाडि बढ्न सकेमा शैक्षिक गुणस्तरमा सुधार हुने वडा सदस्य अर्यालको भनाई छ । शहरीया बजारका विद्यालय भन्दा ग्रामिण क्षेत्रका विद्यालयमा बैंकहरुले गरेको सहयोग अतुलनीय हुने गणेश आधारभुत विद्यालयमा प्रधानाध्यापक नरबहादुर पौडेलले बताए ।

विद्यालय सबैको साझा शैक्षिक चौतारी भएकाले बैंकहरुको सहयोग ग्रामिण क्षेत्रका विद्यालयमा पुग्नुपर्ने सुझाव उनको छ । स्याङ्जाको वालिङमा झण्डै १८ वर्ष अगाडी प्रधान कार्यालय स्थापना गरी संचालनमा आएको गरिमा विकास बैंक अहिले राष्ट्रिय स्तरको बैंक हुन पुगेको छ । देशभर १२५ शाखा, १ एक्सटेन्सन कार्यालय, ५० भन्दा बढी एटिएम मेसिन मार्फत झण्डै १० लाख ग्राहकलाई बैङ्किङ प्रवाहमा जोडेर सेवाप्रवाह गर्दै आएको छ ।

# विद्यार्थीलाई भूपू विद्यार्थी मञ्चद्वारा फोटोग्राफी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ



पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको छोरेपाटन माविका पुर्व विद्यार्थीहरुद्वारा दोश्रो पटक गठन गरेका छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चले विद्यार्थीहरुलाई विभिन्न तालिम प्रदान गर्ने क्रममा विहिवार स्वतन्त्र पत्रकार संघ कास्कीको सहकार्यमा आधारभूत पत्रकारिता तथा मोवाईल फोटोग्राफी तालिम दिएको छ ।

कक्षा ७ देखि १० सम्मका इच्छुक विद्यार्थीहरु, भूपू विद्यार्थीहरु, शिक्षक तथा कर्मचारीहरु लगायत सय भन्दा वढि विद्यार्थीहरुको सहभागिता रहेको तालिमको सहजीकर्ता स्वतन्त्र पत्रकार संघ नेपाल कास्कीका कार्यसमिति सदस्य मदनराज जैसीले प्रशिक्षण दिएका थिए । विद्यार्थीहरुले आफुलाई लागेको जिज्ञासा निधक्कं संग प्रशिक्षक समक्ष राखेका थिए ।

कार्यक्रममा छोरेपाटन माविका प्रधानाध्यापक डिल्लीराम शर्मा, सहायक प्रधानाध्यापकहरु खेमराज बराल र मेघनाथ पौडेल, भूपू विद्यार्थी मञ्चका अध्यक्ष कृष्ण रानाभाट, उपाध्यक्ष हिमलाल उपाध्याय, सचिव शालिकराज भण्डारी र कार्यसमिति सदस्य कविता गुरुङ कविको उपस्थिति रहेको थियो । आसन र भाषण नगरी तालिममात्र संचालन गरिएको थियो । गत हप्ता शुक्रबार मात्रै विद्यार्थीहरुलाई दरबारथोक मिडिया प्रा.लि.को सहकार्यमा दरबार न्युजका प्रमुख सम्वाददाता एवम् प्रशिक्षक सागर कार्कीले उद्घोषण तालिम दिएका थिए ।

# मुस्ताङका किसानलाई कृषि उपकरण हस्तान्तरण

**रासस**
मुस्ताङ, ३० जेठ

यहाँका किसानलाई अनुदान सहुलियतमा कृषि यान्त्रिक उपकरण वितरण गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले स्याउ र आलु जोन कार्यक्रमअन्तर्गत यहाँका किसानलाई १६ थरीका कृषि यान्त्रिक उपकरण ५० प्रतिशत अनुदानमा वितरण गरेको हो ।

परियोजनाअन्तर्गत च्याङ्ग्रा जोन, आलु जोन र स्याउ जोन कार्यान्वयनमा छन् । जोनको वार्षिक स्वीकृत कार्यक्रमअनुसार परियोजन कार्यान्वयन एकाइ मुस्ताङले घरपफोङ, थासाङ, वारागुङ मुक्तिक्षेत्र र लोमान्थाङ गाउँपालिकाका किसानलाई मागका आधारमा ५० प्रतिशत अनुदान दिने गरी कृषि यान्त्रिक उपकरण वितरण गरिएको परियोजना कार्यान्वयन एकाइ मुस्ताङका कार्यालय प्रमुख भरतराज गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार चालु वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुरुप आज मुस्ताङका किसानलाई कृषि यान्त्रिक उपकरण वितरण गरिएको छ ।

परियोजनाले स्याउ जोनतर्फ १५ लाख र आलु जोनतर्फ १८ लाख ३५ हजार बजेटमा रहेर पाँचवटै स्थानीय तहलाई समेट्ने गरी यान्त्रिक उपकरण हस्तान्तरण गरेको कार्यालय प्रमुख गौतमले जानकारी दिनुभयो । परियोजनाले २६ थान डिजेलबाट चल्ने र नौ थान पेट्रोलबाट चल्ने गरी कूल ३५ थान यान्त्रिक उपकरण हलो अनुदान सहुलियतमा वितरण गरेको छ । यसैगरी स्याउ र आलु जोन कार्यक्रमअन्तर्गत परियोजनाले घाँस काट्ने ब्रसकटर १९ थान, सिकेचर १८ थान, करौँती १४ थान, डिजिटल तराजु ३६ थान, मोटर स्प्रे २१ थान, पावर स्प्रे २९ थान, रिप्याक्टोमिटर १ थान, ब्रस कटर १९ थान, भऱ्याङ सात थान, कुटो २९, कोदाली ८३ थान, गैँची दुई थान, बाउसो २४ थान डोजे २१ थान, बेल्चा पाँच थान पोर्टेबल लिड स्प्रे चार थान गरी ३२३ थान विभिन्न उपकरण अनुदान सहुलियतमा वितरण गरेको हो । परियोजनाले यान्त्रिक उपकरणबाहेक किसानलाई मागका आधारमा ८५ प्रतिशतसम्म अन्य किसिमका अनुदान सहयोग गर्दै आएको छ । मुस्ताङका किसान छिरिङ गोम्बो गुरुङले कृषि क्षेत्रको समुन्नत विकासमा यसप्रकारको यान्त्रिक उपकरण अनुदानले ठूलो टेवा पुऱ्याउने गरेको बताउनुभयो ।

मुस्ताङमा स्याउलगायत विभिन्न शीतोष्ण फलफूलका साथै उवा, फापर, जौ, आलु, मैक र विभिन्न जातका तरकारीहरु उत्पादन हुन्छ । यहाँको परम्परागत कृषि प्रणाली बढी मात्रामा झन्झटिलो र लागत खर्च बढी हुने भएकाले पछिल्लो समय कृषि व्यवसायलाई थप परिस्कृत बनाउन लैजान समस्या देखिएको छ । जनशक्ति र खेत जोत्ने गोरु भोपा पाल्न छोडेपछि कृषि प्रणालीमा चुनौती थपिएको हो । पछिल्लो समय मुस्ताङका किसानलाई कृषिसँग सम्बन्धी सरकारी कार्यालय तथा स्थानीय तहले वर्सेनि अनुदान सहुलियतमा यान्त्रिक उपकरण हलोलगायत उपकरण वितरण गर्न थाले कृषकलाई निकै ठूलो सहयोग पुगेको घरपफोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकालीले जानकारी दिनुभयो । यान्त्रिक उपकरणले थोरै जनशक्तिबाट काम गर्न सकिने, समयको बचत, कृषि कामकाजमा सहजता र आर्थिक बचतमा सहयोग पुग्ने कृषि शाखा अधिकृत थकालीको भनाइ छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनसुनजन्य विपद्‌बाट क्षति कम गर्न कृत्रिम अभ्यास

**रासस**
काठमाडौं, ३० जेठ

मनसुनजन्य विपद्‌बाट जनधनको क्षति कम गर्ने उद्देश्यले 'विपद् कृत्रिम अभ्यास' गरिएको छ । गत वर्षको जस्तो जनधनको क्षति नहोस्, तत्काल उद्धारमा जुट्न सकियोस् भनेर काठमाडौँ महानगरपालिकाले कृत्रिम अभ्यास गराएको हो ।

यस वर्ष औसतभन्दा बढी वर्षा हुने अनुमान गरिएकाले मनसुनजन्य बाढी, पहिरो तथा डुबानजस्ता विपद्‌बाट जनधनको क्षति घटाउन कामपाले रानीपोखरीस्थित पानीमा डुबेका व्यक्तिको खोजी र उद्धारका लागि कृत्रिम अभ्यास गरेको कामपाका नगर प्रहरी प्रमुख उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिनुभयो । "गएको वर्ष मनसुनजन्य विपद्का कारण काठमाडौँमा जनधनको क्षति भएको थियो । यस वर्ष त्यस्तो नहोस् भनेर विपद् व्यवस्थापन प्रतिकार्यको अभ्यास गराइएको हो", जोशीले भन्नुभयो । उद्धारमा खटिने सुरक्षाकर्मीको क्षमतालाई अभ्यासबाट निपुर्ण बनाउने, साधनस्रोत तथा उपकरणको प्रबन्ध गर्ने, प्रयोग विधि सिकाउनेलगायत क्रियाकलाप अभ्यास गरिएको उहाँले जानकारी दिनुभयो ।

विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा सम्पन्न विपद् प्रतिकार्य क्षमता विकास तालिममा अग्नि निवारण, जीवन उद्धार, जल प्रकोप, खोजी तथा उद्धार, डोरीको माध्यमबाट गरिने उद्धार, मृत शरीर व्यवस्थापनको सैद्धान्तिक ज्ञान र व्यावहारिक अभ्यास गराइएको थियो । स्वर्णिम योजनाअन्तर्गत सञ्चालन भइरहेको कार्यक्रममा भूमिगत ढल, सतहको पानी निकास र ढल, मङ्गालको सफाइलगायत काम गरिरहेको नगर प्रहरी प्रमुख उपरीक्षक जोशीले बताउनुभयो ।

नागरिकसँग प्रत्यक्ष जोडिएको स्थानीय तह विपद्जन्य घटनामा सबैभन्दा पहिलो सम्पर्क हुने बताउँदै महानगरकी उपप्रमुख सुनिता डङ्गोलले कामपाले दायित्व पूरा गराउन नीति, योजना तथा कार्यक्रम र बजेटको व्यवस्था गरेर काम गरिरहेको बताउनुभयो । शुक्रबार महानगर प्रहरी बल, सशस्त्र प्रहरी बल नेपाल २४ गुल्म मुख्यालय र नेपाल प्रहरीको संयुक्त आयोजनामा सञ्चालन गरिएको मनसुनजन्य विपद् प्रतिकार्य संयुक्त कृत्रिम अभ्यासको अवलोकनपछि उहाँले स्थानीय तह नागरिकको आँगनको सरकार भएकाले जिम्मेवार र सचेत हुनुपर्नेमा जोड दिनुभयो । अभ्यासमा पानीमा डुबेका व्यक्तिलाई डोरीको मद्दतले उद्धार गर्ने, डुङ्गा तथा अन्य स्थानीयस्तरमा उपलब्ध स्रोतसाधनको उपयोग गर्ने, उद्धारकर्ता पौडेर गएर बचाउने, खहरेमा परेका व्यक्तिलाई बचाउने, डुङ्गा पल्टिँदा त्यसलाई व्यवस्थापन गर्ने, पानीबाट उद्धार गरिएको व्यक्तिलाई प्राथमिक स्वास्थ्योपचार गर्ने, आवश्यकताका आधारमा अस्पताल लैजानेलगायत अभ्यास गरिएको थियो । अभ्यासका क्रममा महानगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका एक-एकवटा डुङ्गाको प्रयोग गरिएका थियो । कामपाले एक नगर प्रहरी निरीक्षक, १६ नगर प्रहरी हवल्दार र तीन नगर प्रहरी जवान गरी २० जनालाई मनसुनजन्य विपद् व्यवस्थापन प्रतिकार्यको अभ्यास गराएको हो ।

